# स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)

(मिति २०८० जेठ ३२ गते सम्पन्न २१ औं वार्षिक साधारण सभाबाट गठित)

# विधान संसोधन तथा पुर्नलेखन मस्यौदा समिति, २०८०

## विधान संसोधन तथा पुर्नलेखन मस्यौदा समितिको प्रतिवेदन

(२०८२/३/२९)

### १. पृष्ठभूमि:

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (IPPAN) को मिति २०८२ जेष्ठ ३२ गते सम्पन्न २१ औं साधारण सभामा सहभागी संस्थाका सदस्यहरुको माग बमोजिम संस्थाको मौजुदा विधान संशोधन र पुर्नलेखन गर्न र संस्थालाई बढी सहभागितमूलक/प्रतिनिधिमूलक बनाई उच्च मर्यादा कायम गरी नयाँ ढाँचामा अगाडि बढाउन आवश्यक भएकोले  कायम विधान संशोधन र पुर्नलेखन गरि एक विधान मस्यौदा तयार गर्न संस्थाका सल्लाहकार श्री भानु भक्त पोखरेल संयोजक रहने गरी विधान संशोधन तथा पुर्नलेखन मस्यौदा समिति (अब उप्रान्त "समिति" भनिएको) गठन गर्ने निर्णय भएको थियो ।

उक्त समितिमा संस्थाका कार्य समितिका सदस्य एवं अधिवक्ता होमकान्त चौलागाईं सदस्य रहने र IPPAN का तर्फबाट १ जना प्रतिनिधि तथा २ जना विज्ञ सदस्यहरु संयोजकले मनोनयन गर्ने गरी ५ सदस्यीय विधान संशोधन तथा पुर्नलेखन मस्यौदा समिति गठन गर्ने निर्णय समेत भएबमोजिम मिति २०८०/३/२० गते IPPAN कार्यसमितिका तर्फबाट उपाध्यक्ष श्री रामप्रसाद आचार्य, उपाध्यक्ष इपान लाई समितिको सदस्यमा मनोनयन गरिएको थियो ।

### २. विज्ञ सदस्यहरूको मनोनयन

सभाले निर्धारण गरे बमोजिम नै, विज्ञ सदस्यहरूमा संयोजकको प्रस्तावमा मिति २०८०/५/४ गते श्री डा.संदीप शाह (IPPAN संस्थापक, पूर्व अध्यक्ष, उर्जा विज्ञ, SOPAN, अध्यक्ष) तथा श्री सुमन प्रसाद शर्मा (पूर्व अर्थ तथा उर्जा सचिव एवं सुशासन विद) हरुलाई समितिको विज्ञ सदस्यमा मनोनयन गरी विधान संशोधन तथा पुर्नलेखन मस्यौदा समितिलाई पूर्णता दिइएको थियो ।

<u>विधान संशोधन तथा पुर्नलेखन मस्यौदा समिति</u>

| | | |
|---|---|---|
| १) | संयोजक | - श्री भानुभक्त पोखरेल, सल्लाहकार इपान |
| २) | सदस्य | - श्री रामप्रसाद आचार्य, उपाध्यक्ष इपान |
| ३) | सदस्य | - श्री होमकान्त चौलागाई, अधिवक्ता, सदस्य इपान |
| ४) | विज्ञ सदस्य | - श्री सुमन शर्मा, पूर्व अर्थ तथा जलश्रोत सचिव, उर्जा विज्ञ |
| ५) | विज्ञ सदस्य | - श्री डा.संदीप शाह, इन्जिनियर, उर्जा उद्यमी तथा उर्जा विज्ञ |

## ३. समितिद्वारा Terms of Reference (कार्यविधि) तयार

यस विधान संशोधन तथा पुर्नलेखन समितिको प्रारम्भिक कार्य संयोजक एवं सदस्यहरुको मनोनयन पछि आरम्भ भएको र समितिले पूर्णता पाएपछि प्रभावकारी रुपले निरन्तरता दिइएको थियो ।

२१ औं वार्षिक साधारण सभाबाट यस समितिको विस्तृत कार्यविधि (Term of Reference) निर्धारण नभएको भएतापनि समिति गठन गर्ने प्रत्याभूती एवं निर्णयमा उल्लेख भएको सारभूत उद्देश्य अनुसार संस्थालाई बढी सहभागितामूलक/प्रतिनिधिमूलक र उच्च मर्यादा कायम गरी नयाँ ढाँचामा अगाडी लैजानका लागि गर्नुपर्ने सम्पूर्ण कार्यहरुका लागि समितिद्वारा आफै कार्यविधि (Term of Reference) तयार गरी विधान संशोधन तथा पुर्नलेखन कार्यलाई निरन्तरता दिइएको थियो ।

समितिको सचिवालय संयोजकको कार्यस्थलमा रहेको र सो सञ्चालनका लागि आवश्यक जनशक्ति, बैठक व्यस्थापन लगायत अन्य logistic तथा अन्य सहयोग संयोजकको तर्फबाट उपलब्ध गराइएको थियो ।

## ४. नेपालमा विद्युत उर्जा विकासको वर्तमान अवस्था

- आर्थिक वर्ष २०७९/८० मा नेपालमा उर्जा उपभोगको विभिन्न श्रोतहरुमध्ये नवीकरणीय उर्जाको हिस्सा ३.०९ प्रतिशत मात्र रहेको छ जब कि जैविक उर्जाको हिस्सा ६३.८७ प्रतिशत र पेट्रोलियम पदार्थको हिस्सा १९.४२ प्रतिशत देखिन्छ । (जल तथा उर्जा आयोग, उर्जा क्षेत्रको समीक्षा प्रतिवेदन, २०८१)
- हाल नेपालको वार्षिक प्रतिव्यक्ति विद्युत खपत दक्षिण एशियामा नै कम करीब ४०० युनिट मात्र रहेकोमा सन् २०३० सम्ममा १५०० युनिट हासिल गर्ने लक्ष्य रहेको छ ।
- नेपाल सरकारबाट जारी भएको उर्जा विकास मार्गचित्र २०८१ मा निम्न बमोजिम लक्ष्य रहेको छ ।
  - सन् २०३५ सम्ममा उत्पादनतर्फ कुल २८,५०० मेगावाट जडित क्षमता विकास गर्ने तथा त्यसका लागि आवश्यक प्रसारण तथा वितरण प्रणाली निर्माण गर्ने ।
  - उक्त उत्पादन हुने विद्युतमध्ये १५,००० मेगावाट छिमेकी देशहरु भारत, चीन तथा बंगलादेशमा निर्यात गर्ने ।
- उपरोक्त बमोजिम जडित क्षमता निर्माण गर्न, प्रसारण एवं वितरण प्रणालीहरु विकास गर्न जम्मा ४६.५ अर्ब अमेरिकी डलरको वित्तीय श्रोत आवश्यक पर्ने अनुमान गरिएकोमा सो मध्ये १० अर्ब अमेरिकी डलर आन्तरिक नीजि क्षेत्र, बैंक तथा वित्तीय संस्थाबाट लगानी हुने देखिन्छ ।
- उर्जा विकास कार्ययोजना २०८१ का अनुसार:
  - विद्युत प्रसारण तथा वितरण संरचनामा खुल्ला पहुँच (Open Access) को व्यवस्थाका लागि कार्ययोजना तर्जुमा गरी लागू गर्ने (कार्ययोजना,क्र.सं ८) ।
  - विद्युत व्यापारमा नीजि क्षेत्रको सहभागिता हुने गरी कानूनी व्यवस्था मिलाउने ( कार्ययोजना,क्र.सं ९) ।

- प्रसारण पूर्वाधारमा नीजि क्षेत्रको लगानी आकर्षित गर्न Tariff Based Competitive Bidding (TBCB) सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने (कार्ययोजना, क्र.सं १०) रहेको हुँदा नीजि क्षेत्र उक्त क्षेत्रमा सहभागी हुनका लागि आवश्यक तयारी गनुपर्ने आवश्यकता छ ।

- जलविद्युत आयोजनाहरुमा लगानी आकर्षित गर्न Quasi Equity, Mezzanine Financing लगायत नवीनतम वित्तीय उपकरणहरु (Innovative Financial Instruments) को उपयोग गराउने (कार्ययोजना, क्र.सं २४) व्यवस्था रहेको हुँदा IPPAN का सदस्यहरुले त्यसप्रकारका वैदेशिक लगानी मार्फत प्राप्त हुने Innovative Financial Instruments को पहूँच सुनिश्चीत गर्न तयारी गनुपर्ने हुन्छ ।
- त्यसैगरी, स्वच्छ उर्जा रुपान्तरण (Clean Energy Transition) का लागि चाहिने हरित हाइड्रोजन (Green Hydrogen) उत्पादनको प्रचूर सम्भावनाहरुलाई उपभोग गर्न ग्रीन हाइड्रोजन नीति (Green Hydrogen Policy) को कार्यान्वयनका लागि संरचनागत व्यवस्था गर्ने (कार्ययोजना, क्र.सं २९)
  - नीजि क्षेत्रबाट उत्पादित विद्युत प्रयोग गरी उत्पादक आफैहरुले भविष्यमा हरित हाइड्रोजन (Green Hydrogen) उर्जाको न्यून मूल्यमा उत्पादन गरी कच्चा पदार्थको रुपमा मात्र नभई product को रुपमा Green Ammonia/Fertilizer उत्पादन गरी व्यापार गर्न प्रचूर सम्भावना छ ।
- उर्जा संरचनाको विकास कार्यमा Climate Risk सम्बन्धी अध्ययन अनुसन्धान गर्ने तथा Climate Financing को सुविधा प्राप्त गर्न (कार्ययोजना, क्र.सं ३२) र जलविद्युत आयोजनाहरुको Renewable Energy Certificate (REC) को व्यापार गर्ने व्यवस्था मिलाउने ( कार्ययोजना, क्र.सं ७२) उद्देश्य नेपाल सरकारले लिएको अवस्थामा निजि क्षेत्रका जलविद्युत उत्पादकहरुले आफ्नो सहभागिता सुनिश्चीत गराउन निति निर्माण कै समयमा सक्रिय एंव प्रभावकारी Policy Advocacy गर्न अपरिहार्य देखिन्छ ।

Climate Change का कारण उत्पन्न बाढीपहिरोजस्ता प्राकृतिक विपतबाट जलविद्युत संरचनाहरुमा हुन जाने क्षति र सो बापत नेपालजस्तो मुलुकले Paris Agreement - Climate Justice अन्तर्गत पाउनु पर्ने क्षतिपूर्ती (Loss and Damage) दावीमा नीजि क्षेत्र पनि समेटिनु पर्ने तर्फ उर्जा उद्यमीहरु गम्भीर हुन जरुरी देखिन्छ । (अनुसूची ४)

## ५. नीजि क्षेत्रको विकास तथा वृद्धिमा उर्जा क्षेत्रका मुख्य चुनौतीहरु

- जलविद्युत विकास निति २०५८, को उद्देश्य अनुरुप जलविद्युतलाई निर्माण योग्य वस्तुको विकास गर्ने आधार सिर्जना भएको छ ।
- विद्युत उर्जाको खपत एवं आन्तरिक उत्पादन वृद्धिको तुलनामा खपत एवं माग बढ्न नसकेको अवस्था छ ।
- हाल नेपालमा कुल जडित क्षमता ३६५० मे.वा. रहेको छ र सो मध्ये २४०० मे.वा. अर्थात ६५% उत्पादनमा निजी क्षेत्रको योगदान रहेको देखिन्छ । सन् १९९० मा नेपालको जलविद्युत

उत्पादनमा निजी क्षेत्रको प्रवेशसँगै जलविद्युत उत्पादनमा निजी क्षेत्रले फड्को मारेको छ। सन् १९९१ मा नेपालमा ५०० कि.वा. क्षमताको फर्पिङ जलविद्युत आयोजनाबाट जलविद्युत उत्पादनको शुरुवात भए पनि नीजि क्षेत्रको प्रवेशसँगै जलविद्युत उत्पादनले गति लिन सकेको हो।

## ५.१. नीतिगत

IPPAN/निजी क्षेत्रका प्रवर्द्धकहरुले भोग्दै आएको विभिन्न नीतिगत समस्याहरु, अस्पष्टता साथै अन्तर सरकारी निकायहरु बिच समन्वयको अभाव, सरकारी निकायहरुले आफु अनुकुल व्याख्या लगायत चुनौतीहरु सामना गरिरहेको पृष्ठभूमि, पछिल्लो समयमा निजी क्षेत्रलाई प्रतिकुल हुने गरी तयार गरिएका विद्युत ऐनको संशोधन मस्यौदा, वन वातावरण सम्बन्धी नियम, न्यायलयका व्याख्या एवं फैसलाहरु समेतका कारणबाट हाल निजी क्षेत्रको विकासका लागि थप चुनौतीपूर्ण हुँदै गएको अवस्था छ।

## ५.२. विद्युत खरिदबिक्री सम्झौता एंव सोका प्रावधानहरु

स्वतन्त्र उर्जा उत्पादकहरुले उत्पादन गरेको विद्युत खरिदबिक्रि गर्ने एक मात्र खरिदकर्ता को रुपमा नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) रहेको हुदाँ विद्युत खरिदबिक्रि सम्झौताका प्रावधानहरु Monopolistic Single Buyer को सोचबाट निर्देशित हुने अवस्था सृजना हुदाँ प्राविधिक, निर्माण सम्बन्धी हाइड्रोलोजिकल तथा व्यावसायिक रुपमा दैवी प्रकोप समेतका रिस्कहरु आज निजी क्षेत्रका उत्पादकहरुले भोग्नु/बहन गर्न बाध्य हुनु परेको अवस्था छ। ने.वि.प्रा.को लाइन निर्माण, वा प्रसारण क्षमता, वितरण प्रणालीको कारणले सृजित सबै प्रतिकुल असर समेत निजी क्षेत्रका प्रवर्द्धकहरुले नै भोग्नु परेको अवस्था हाल विद्यमान छ। जसको फलस्वरुप उर्जा उद्यमीहरुले ठुलो आर्थिक नोक्सानी व्योर्होनु परेको छ।

## ५.३. संघ, प्रदेशिक तथा स्थानीय स्थानीय सरकार एवं निकायहरुबीच समन्वयको अभाव

पछिल्लो समय प्रदेशिक सरकारहरु आफैले जलश्रोत एवं उर्जा नीति लागू गर्ने अवस्था भएको साथै प्रचलित ऐन कानून भन्दा विपरित राजस्व मापदण्ड तयार गर्ने अवस्थामा प्रदेशिक तथा स्थानीय सरकारसँगको समन्वय कार्य उर्जा उत्पादहरूका लागि थप नयाँ चूनौती बन्दै गएको छ।

साथै, प्रस्तुत विद्युत ऐनको संशोधन मस्यौदामा २५ मेगावाट सम्मका जलविद्युत आयोजनाहरु प्रदेश सरकारको मातहतमा रहने व्यवस्थालाई मध्यनजर गर्दै IPPAN को संस्थागत संरचना पनि सोही अनुसार निर्माण गर्नुपर्ने अवस्था रहेको छ।

## ५.४. सरकारी निकायहरुको विरोधावासपूर्ण दृष्टिकोणबाट भएका पछिल्ला केही घटनाहरु

### ५.४.१. विद्युत खरिद बिक्री एवं व्यापार

**पछिल्ला केही घटनाहरु:**

- उर्जा मार्गचित्र कार्ययोजना २०८१ द्वारा सन् २०३० सम्म २८,५०० मेगावाट जडित क्षमता विकास गर्ने रणनीति स्विकृत ।
- नेपाल विद्युत प्राधिकरणबाट थप करीब ४६०० मेगावाट बराबरका नयाँ जलविद्युत आयोजनाहरुको विद्युत खरीद बिक्री (PPA) गर्न दरखास्त आव्हान ।
- तर अर्थ मन्त्रालयबाट आर्थिक विधेयक मार्फत ROR आयोजनाहरुको PPA Take and Pay हुने गरिएको घोषणा । IPPAN को अथक प्रयासछि हाल Take and Pay शब्द हटाइएको भएपनि यर्थाथ एवं व्यवसायिक हिसाबले हाल सम्पन्न Take and Pay नभनिएका PPA समेत Take and Pay कै अवस्थामा सञ्चालन गर्नुपर्ने भएको हुँदा थप चुनौती देखिएको ।

विद्युत खरिद बिक्रीमा वर्तमान समस्याहरुको दिर्घकालीन समाधान नीजि क्षेत्रबाट उत्पादित विद्युतको खपत स्वदेशी एवं क्षेत्रीय/अन्तर्राष्ट्रिय बजार समेतमा बिक्री गर्न नीजि क्षेत्रलाई अनुमति दिन विद्युत प्रणालीमा Open Access तथा विद्युत व्यापारमा निजी क्षेत्रको सहभागिता अपरिहार्य देखिन्छ ।

### ५.४.२ IPO निष्कासन सम्बन्धी घटना

- धितोपत्र बोर्डद्वारा IPO निष्कासनमा भएको अनावश्यक ढिलाई एवं संसदीय समितिहरुको अनपेक्षित निर्देशन एवं हस्तक्षेपका कारण उत्पन्न अन्यौलता ।
- CDSC द्वारा ऐन नियम विपरीत संस्थापक शेयर निष्कासन प्रक्रिया अवरुद्ध गरिएको ।

### ५.५. जलविद्युत आयोजना निर्माणमा शान्ति सुरुक्षा एवं सुशासनको समस्या

जलविद्युत आयोजनाहरुमा स्थानीय लगायत असम्बन्धित एव अवान्छित व्यक्तिहरुबाट अनुचित माग राख्दै आयोजना निर्माणमा अवरोध गर्ने, चन्दा एवं फिरौती असुल्ने जस्ता गैरकानूनी गतिविधिहरु भोग्नु परेको वर्तमान परिस्थितिमा जलविद्युत तथा सौर्य विद्युत आयोजनाहरु निर्माणमा स्थानीय निकायहरु, प्रशासन, सुरक्षा निकायहरु सम्मिलित एकीकृत सुरक्षा प्रणालीको सरकारसँग माग गरी लागू नगरी आयोजना निर्माण सहज नहुने अवस्था छ ।

### ५.६. सिमित वित्तीय श्रोतहरुसम्मको पहुँच

नीजि क्षेत्रको प्राविधिक तथा व्यवसायिक क्षमता वृद्धि गर्नुपर्ने अवस्था रहेको छ। देश भित्र र विशेष गरी विदेशमा उपलब्ध हुने श्रोतहरु जस्तै Climate Financing, Concessional Funded, Mezzanine Finance लगायतका विभिन्न Innovative Financing Instruments सम्म प्रवर्द्धकहरुको पहुँच बिस्तार गरि त्यस प्रकारका वित्तीय श्रोतबाट फाइदा लिन क्षमता वृद्धि (Capacity Building) गर्नुपर्ने देखिन्छ।

## ६. विधान संशोधनको अवधारणा

मिति २०५७ /१०/०४ मा IPPAN को स्थापना भए पश्चात् "स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालको विधान २०५७" को हालसम्म निम्न मितिहरुमा तीन पटक संशोधन गरिएको छ ।

पहिलो संशोधनः २०६५/०३/२१

दोस्रो संशोधनः २०७६/१२/१२

तेस्रो संशोधनः २०७८/११/२५

प्रस्तावित चौथौ संशोधनः २०८२/०३/३१

माथि बुँदा नं ५ मा उल्लेख गरिएका उर्जा क्षेत्रका अवसर एवं मुख्य चुनौतीहरु सम्बोधन गर्ने उद्देश्य अनुरुपको विधान संशोधनका पुर्नलेखनको Framework तयार गर्न समितिद्वारा निम्न विषयहरुमा विस्तृत छलफल, परामर्श गर्नुका साथै अन्तर्राष्ट्रिय अभ्यासहरुका बारेमा विश्लेषण गरिएको थियो ।

क. IPPAN को मौजुदा विधान उर्जा उत्पादक (जलविद्युत) हरुको संस्थाको अवधारणामा निर्माण गरिएको हुँदा उर्जा क्षेत्रको समग्र प्रतिनिधित्व गर्ने संस्थाको रुपमा कसरी रुपान्तरण गराउने ।

ख. IPPAN लाई उत्पादकहरुको मात्र नभई समग्र उर्जा क्षेत्रको छाता संगठनको रुपमा कसरी रुपान्तरण गर्दै लैजान सकिन्छ भन्ने सम्बन्धमा प्रचलित राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय अभ्यासहरुका बारेमा अध्ययन एंव विज्ञहरुको राय सुझाव समेत लिइएको ।

नेपालको उर्जा क्षेत्रको विस्तार राष्ट्रिय स्तरमा मात्रै नभई क्षेत्रीय एंव अन्तर्राष्ट्रिय क्षेत्रमा समेत भइसकेको र विशेष गरि उर्जा व्यवसायमा निजी क्षेत्रको भूमिका/सहभागिता सुनिश्चीत गराउन विद्यमान विधानको संरचना पर्याप्त नहुने देखिएको समितिको निस्कर्ष रहेको छ ।

तसर्थ, नेपाल सरकारबाट स्विकृत उर्जा विकास मार्गचित्र अन्तर्गतका अवसरहरुवाट नीजि क्षेत्रको सहभागिता निश्चीत गर्न प्रशस्तै नीतिगत निर्णयहरु हुनुपर्ने हुँदा सोको Policy Intervention गर्न सक्ने स्तरको Advocacy गर्न IPPAN को मौजुदा संरचना एवं विधान संशोधन गरेर संभव नहुने हुँदा IPPAN को वर्तमान उत्पादकहरुको मात्रको संस्थाको दायरालाई फराकिलो एंव प्रभावकारी बनाउन उर्जा क्षेत्रको छाता संगठनको रुपमा IPPAN लाई रुपान्तरण गर्नुपर्ने समितिको राय सुझाव रहेको ।

सोही अवधारणाबाट निर्देशित भई समितिद्वारा विभिन्न समयमा राय सुझाव एवं सरोकारवालाहरु सँगको अन्तरक्रियामा अब IPPAN लाई उर्जा क्षेत्रको महासंघको रुपमा रुपान्तरण गर्ने बारे धारणा सहित राय सुझावहरु प्राप्त गरिएको र छलफलको लागि तयार पारिएको मस्यौदाहरुको प्रस्तावनामा नै उक्त कुरा उल्लेख गरिएको छ ।

यद्यपी, २१ औ साधारण सभाको निर्णयको Mandate बमोजिम समितिद्वारा यस समितिको गठन गरिएको अवस्थालाई मध्यनजर गर्दै हाललाई मौजुदा विधानमा संशोधन गर्न आवश्यक देखिएको बुँदाहरुमा संशोधन गर्नु पर्ने आधार र कारणहरु खुलाई सरोकारवालाहरुसँग छलफल गर्न प्रस्तावित चौथो संशोधनको मस्यौदा तयार पारी सम्बन्धित सबैलाई उप्लब्ध गराइएको थियो ।

## ७. विधान संशोधन एंव पुर्नलेखन कार्यको क्रमगत प्रक्रिया

समिति गठन भएपछि तत्काल आंशिक रुपमा कार्य शुरु गरिएको समितिमा विज्ञ सदस्यहरु मनोनयन पश्चात् पूर्णता पाएपछि निम्नअनुसारका चरणहरुमा कार्य सम्पन्न गरेको जानकारी गराउन चाहन्छौं । ।

- IPPAN लगायत विभिन्न व्यवसायिक संस्थाहरुको प्रतिनिधित्व गर्न महासंघहरुका विधान संरचना एवं Governance Frameworks हरुको अध्ययन एवं विश्लेषण ।
- IPPAN निकट भविष्यमा क्षेत्रीय, अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान विस्तार गर्ने, वित्तीय बजारमा पहुचँ, एवं विद्युत व्यापार क्षेत्रको पनि प्रतिनिधित्व आवश्यक रहने हुँदा अन्तर्राष्ट्रिय अभ्यासहरु Capacity Building एवं Governance (सुशासन) का मापदण्डहरुको अध्ययन तथा रायसुझाव प्राप्त गर्ने एवं विश्लेषण कार्यहरु ।
- समितिद्वारा उर्जा क्षेत्रका नीति निर्माता, सरकारी निकायका विशिष्ट व्यक्तिहरु (मन्त्री, सचिव, महानिर्देशक, प्रबन्ध निर्देशक), IPPAN कार्यसमितिका अध्यक्ष, पदाधिकारीहरु, सल्लाहकार, विज्ञ, सल्लाहकार लगायत सरोकारवाला (Key Stakeholders) हरु सँग प्रारम्भिक छलफल एवं राय सुझाव प्राप्त गरिएको ।
- संघ, महासंघ गठन, दर्ता एंव सञ्चालन सम्बन्धी कानुनी प्रावधानहरु, प्रशासनिक कार्यहरु एवं नियमन/सुपरीवेक्षण सम्बन्धी प्रावधानको अध्ययन विश्लेषण ।
- IPPAN विधान संशोधन तथा पुर्नलेखन सम्बन्धमा मिति २०८०/१०/१९ मा निम्नानुसार विभिन्न विषयहरुमा लिखित राय संकलन गर्न तालिका बनाई सरोकारवाला व्यक्ति वा संस्थाहरुसँग धारणा माग गरिएको ।
  - संस्थाको विधानको प्रस्ताव संशोधन संस्थाको उत्पादकहरु सहित उर्जा क्षेत्रको समग्र व्यवस्थालाई समावेश गर्न
  - संस्थाको नाम संशोधन
  - संस्थाको उद्देश्य संशोधन
  - संस्थाको ठेगाना परिवर्तन गर्ने (प्रशासनिक कार्य मात्र भएको)
  - संस्थाको सदस्यतासम्बन्धी संशोधन कार्य समिति गठनसम्बन्धी संशोधन
  - कार्यसमितिको संख्या, स्वरुप सम्बन्धमा संशोधन
  - संस्थाको स्वरुपका सम्बन्धमा IPPAN राष्ट्रिय संस्था वा महासंघको रुपमा परिणत गर्ने सम्बन्धमा
  - संस्था र संघीयता सम्बन्धमा
  - IPPAN लाई व्यवसायिक संस्था बनाउने सम्बन्धमा
  - वित्तीय व्यवस्थापन एंव दिगोपन
  - विभिन्न समिति, विभाग एंव उपसमिति बारेः कार्य विभाजन, तथा अधिकार, TOR, सञ्चालन प्रणाली
  - अन्य विषयहरु

उपरोक्त अनुसारको विषयहरुमा धारणा प्राप्त भए पश्चात् तयार पारिएको विवरण तालिका अनुसूची ३ मा संलग्न छ ।

यस समितिद्वारा धारणा माग गरिए बमोजिम सरोकारवाला व्यक्ति वा संस्थाहरुबाट लिखित धारणा प्राप्त भएको र करीब ५० जना सरोकारवालाहरुबाट मौखिक राय सुझाव प्राप्त भएको ।

यसैबीच नेपाल सरकारबाट उर्जा विकास मार्गचित्र तयार गर्न पहल गरेको हुँदा मार्गचित्रमा उल्लेख निर्णय एवं कार्ययोजना IPPAN को भविष्यको संरचना निर्धारण तथा मार्गदर्शन गर्न महत्वपूर्ण हुने हुँदा उक्त मार्गचित्र तथा कार्ययोजना नेपाल सरकारबाट स्विकृत भएपछि विधान संशोधन तथा पुर्नलेखन मस्यौदामा सान्दर्भिक विषयहरु समावेश गरिएको छ ।

प्राप्त लिखित तथा मौखिक राय सुझावहरु साथै उर्जा विकास मार्ग चित्र २०८१ स्विकृति पछि विभिन्न सरोकारवालाहरु, कार्यसमितिका अध्यक्ष, पदाधिकारीहरु, सदस्यहरु, पूर्व अध्यक्ष्यहरु, सल्लाहकार एवं विज्ञ सल्लाहकारहरु, उर्जा विज्ञ, नीति निर्माण, नेपाल सरकारका उच्च पदस्त सचिव, मन्त्रीहरु, अध्यक्ष, प्रबन्ध निर्देशक, विद्युत नियमन आयोग, IPPAN का संस्थापक, पूर्व अध्यक्षहरु , प्रवर्द्धकहरु, नीतिगत वकालत/Influencer, बैंक तथा वीत्तिय संस्थाका प्रमुखहरु लगायत करीब १५० जना व्यक्तिहरुसँग पटक पटक एवं विभिन्न चरणहरुमा विस्तृत छलफल गरि विधान संशोधनको मस्यौदा तयार पारिएको र उक्त मस्यौदा उपर अन्तिम पटक छलफल गरी प्राप्त रायसुझावहरुलाई आवश्यकता अनुसार समावेश गरी मस्यौदालाई अन्तिम रुप दिई उक्त विधान संशोधनको मस्यौदा IPPAN को अगामी २३ औं वार्षिक साधारण सभामा निर्णयार्थ पेश गर्ने मिति २०८२/०२/१८ को पत्र, इमेल वा Whatsapp मार्फत निम्नबमोजिम उपस्थितको लागि अनुरोध गरिएको थियो ।

- कार्य समितिका अध्यक्ष, पदाधिकारीहरु तथा सदस्यहरु
- IPPAN का सल्लाहकारहरु
- IPPAN का विज्ञ सल्लाहकारहरु
- पूर्व अध्यक्ष, अग्रज सरोकारवालाहरु तथा अन्य विज्ञ उद्यमीहरु

मिति २०८२/०३/२० गते आयोजना गरिएको उक्त छलफल कार्यक्रममा जम्मा ४६ जनाको उपस्थिति/प्रतिनिधित्व रहेको र विभिन्न विशिष्ट व्यक्तिहरुले आफनो व्यक्तिगत एवं संस्थागत धारणाहरु राख्नु भएको थियो । उक्त छलफल कार्यक्रममा प्राप्त मुख्य बुँदाहरु अनुसूची २ मा संलग्न छन् ।

उक्त महत्वपूर्ण छलफल कार्यक्रमबाट सर्वसम्मत रुपमा नै IPPAN को संरचना समितिले विधान संशोधन तथा पुर्नलेखन मस्यौदाको प्रस्तावमा उल्लेख गरिए अनुरुप समग्र उर्जा क्षेत्रको प्रतिनिधित्व गर्ने गरी राष्ट्रिय महासंघको रुपमा रुपान्तरण गर्न आवश्यक भएको र सोको लागि ६ महिनाको समय सिमा निर्धारण गरी आवश्यक कानूनी प्रक्रियाहरु पुरा गर्न राय सुझाव प्राप्त भएको छ । विधान संशोधनका अन्य बुँदाहरुमा प्राप्त सुझावहरु आवश्यकता अनुसार सामान्य संशोधन गरिएको छ ।

मिति २०८०/०२/३१ गते सम्पन्न २१ औं वार्षिक साधारण सभाले IPPAN को मौजुदा विधानमा आवश्यक संशोधन तथा पुर्नलेखनका लागि मस्यौदा समिति गठन गरेकोले मस्यौदा समितिले तयार गरेको विधान संशोधनको मस्यौदा अनुसूची १ मा संलगन छ ।

**८. समितिको सिफारिश**

IPPAN को विधान संशोधन तथा पुर्नलेखन समितिद्वारा तयार पारिएको मस्यौदाका प्रस्तावनामा उल्लेख गरिए अनुसार संस्थालाई महासंघको स्वरुपमा रुपान्तरण गर्न समेत आवश्यक देखिएको हुँदा मस्यौदाको प्रस्तावना कै अवधारणामा सरोकारवालाहरुको छलफल कार्यक्रममा समेत आवश्यकता महसुस गरी सोही अनुरुप महासंघमा रुपान्तरण हुन दिएको राय, सुझाव लाई समितिले Mandate को रुपमा ग्रहण गरी **निर्धारित ६ महिनाको समय भित्र महासंघको स्वरुपमा दर्ता गर्न आवश्यक कानूनी एवं प्रशासनिक प्रक्रिया पुरा गरी १२ महिना भित्र नयाँ स्वरुपको महासंघको निर्वाचन सम्पन्न गर्ने गरी निणर्य गर्न उचित हुने सिफारिश गर्दै सोही बमोजिम जानकारी गराउने समितिको सर्वसम्मत निर्णय रहेको छ ।**

उपरोक्त अनुसार IPPAN लाई समग्र उर्जा क्षेत्रको सहभागिता/प्रतिनिधित्व हुने गरि महासंघको स्वरुपमा रुपान्तरण गर्न कम्तीमा पनि निम्नबमोजिमका क्षेत्रहरुसँग सम्बन्धित व्यक्ति, संस्था, संघहरुको समावेश गर्न प्रस्ताव गरिएको छ ।

क) उर्जा उत्पादकहरु: Hydropower, Solar Power, Wind, Green Hydrogen लगायतका अन्य नवीकरणीय उर्जा उत्पादकका संघ/संस्थाहरु

ख) साना जलविद्युत आयोजनाहरुका प्रतिनिधित्व गर्ने संघ/संस्थाहरु

ग) प्रदेशिक संरचना प्रतिनिधित्व गर्ने संघ/संस्थाहरु

घ) विद्युत प्रसारण तथा वितरण गर्ने संस्थाहरुको प्रतिनिधित्व गर्ने संघहरु (विद्यमान नभए दर्ता गर्न सकिने)

ङ) उर्जा व्यापार गर्ने संस्थाहरुको प्रतिनिधित्वहरु गर्ने संघहरु (विद्यमान नभए दर्ता गर्न सकिने)

च) IPPAN (प्रस्तावित महासंघ) को प्रतिनिधित्व, नीति निर्माण तह, उच्चस्तरीय समितिहरु, तथा सरोकारवालाहरु सुनिश्चित गर्न Policy एवं Advocacy गर्नसक्ने व्यक्तिको प्रतिनिधित्व गर्ने व्यक्ति तथा संघहरु

छ) IPPAN (प्रस्तावित महासंघ) को भूमिका थप प्रभावकारी बनाउन Capacity Building गर्ने साथै Climate Benefits अन्तर्गत नेपालले पाउने Loss and Damage बापतको फाइदा निजी क्षेत्रले पनि पाउन सक्ने गरी तयारी गर्नका साथै अन्तर्राष्ट्रिय/बहुर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त Climate Financing, Concessional Funds, Innovative Financing Instruments अर्न्तगतका सस्तो वित्तीय श्रोतमा पहूँच हुनसक्ने गरि महासंघमा आवद्ध संस्थाहरुको क्षमता वृद्धि (Capacity Building) गर्न सहयोग गर्ने संस्थाहरुको प्रतिनिधित्व गर्ने संघहरु

ज) उर्जा क्षेत्रमा महिलाहरुको सहभागिता बढाउने सम्बन्धमा महिलाको प्रतिनिधित्व गर्न क्रियाशील संघहरु आदि ।

झ) अन्य संघहरु

**तसर्थ, IPPAN लाई राष्ट्रिय महासंघको रुपमा रुपान्तरण गर्न र सम्पूर्ण प्रक्रियाहरु पुरा गरी ६ महिना भित्र महासंघ दर्ताको प्रक्रिया पुरा गरी १२ महिना भित्र नयाँ स्वरुपको महासंघको निर्वाचन सम्पन्न गर्ने गरी निणर्य गर्न अगामी २३ औं वार्षिक साधारण सभा समक्ष सिफारिश गरि यसै प्रतिवेदन मार्फत जानकारी गराउन चाहन्छौं ।**

**९. महासंघ दर्ताको प्रारम्भिक रुपरेखा**

नेपालमा व्यवसायिक संगठनहरुको महासंघ दर्ता गर्ने प्रक्रियासम्बन्धी "Detailed Guide to Registering Federation of Professional Association in Nepal" यस प्रतिवेदनको Annex मा उल्लेख छ ।

महासंघ दर्ता गर्ने प्रक्रिया पुरा गर्न साधारण सभाबाट आवश्यक निर्णय गराउन सकिने छ ।

IPPAN लाई उर्जा क्षेत्रको छाता संगठन (Umbrella Organization) को रुपमा रुपान्तरण गर्न समितिद्वारा निम्न अनुसारको प्रारम्भिक रुपरेखा सुझाव गरिएको छ ।

१. संस्थाको प्रकृति

२. कानूनी प्रावधानहरु

३. दर्तापूर्वका कार्यहरु (Pre-registration Requirements)

३.१. संस्थापक तदर्थ समितिको गठन

- संस्थापक संघका कार्यसमिति तथा साधारण सभाको निर्णय

३.२. महासंघको विधान मस्यौदा

३.४. संस्थापक सदस्यहरु तथा संघहरुको निर्णय

- विधानको प्रस्तावित मस्यौदा स्विकृति
- महासंघ स्थापना गर्ने निर्णय
- Ad-hoc स्थापना गर्ने कार्यसमितिको गठन
- Ad-hoc कार्यसमितिको १ जना सदस्यलाई दर्ता प्रक्रिया पुरा गर्ने जिम्मेवारी

४. दर्ता प्रक्रिया

४.१. सिफारिश प्राप्त गर्ने (वडा कार्यालय र जिल्ला समन्वय समितिको)

४.२. सम्बन्धित निकायमा निवेदन दिने

४.३. दर्ता शुल्क

४.४. कागजपत्र रुजु गरी स्विकृति प्राप्त गर्ने

४.५. दर्ता प्रमाणपत्र प्राप्त गर्ने

यस संस्थासम्बन्धी तयार गर्नुपर्ने कागजातहरु एवं प्रक्रियाको बारेमा जानकारी अनुसूची ४ का संलग्न छ ।

IPPAN महासंघमा रुपान्तरणका लागि संभावित संस्थापक, सदस्यहरु निम्न रहन सक्ने ।

१. उत्पादन क्षेत्र

- IPPAN
- IPPAN का प्रदेशिक संघहरु
- SOPAN र अन्य नवीकरणीय उर्जा Green Hydrogen लगायत उत्पादकहरुको संघ
- अन्य २५ मेगावाट भन्दा साना जलविद्युत आयोजनाहरुको प्रतिनिधित्व गर्ने संघ संस्थाहरु

२. प्रसारण एवं वितरण तथा विद्युत व्यापार

- NEPEX लगायत अन्य विद्युत व्यापार गर्ने कम्पनीहरु (संघ दर्ता नभएमा गर्न सकिने)

३. Advocacy तथा Policy Intervention सम्बन्धी

- Nepal Engineer's Association (NEA)
- Nepal Hydropower Association (NHA)
- Nepal Tunneling Association (NTA)

४. क्षमता वृद्धि (Capacity Building), वित्तीय तथा Insurance सँग सम्बन्धित संघहरु

माथि उल्लेखित प्रारम्भिक reference का लागि भएको र सो सम्बन्धमा साधारण सभाले गर्ने अन्तिम निर्णय बमोजिम मात्र हुने ।

अन्त्यमा समग्र उर्जा क्षेत्रको सहभागितामूलक प्रभावकारी संस्था निर्माणको लागि मस्यौदा समितिको गठन गरेकोमा २१ औं साधारण सभाका सबै पदाधिकारी तथा महानुभावहरु प्रति यो समिति हार्दिक आभार प्रकट गर्दछ ।

भानुभक्त पोखरेल
संयोजक

| | |
|---|---|
| रामप्रसाद आचार्य<br>सदस्य | होमकान्त चौलागाई<br>सदस्य |
| सुमन प्रसाद शर्मा<br>विज्ञ सदस्य | डा.संदीप शाह<br>विज्ञ सदस्य |

मिति: २०८१/०३/२९